कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
प्रदेश नं. ५

फोन नं. ०८१-५४०००९

प.सं. :- ०७६/०७७
च.नं. :-

## औषधी खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र
## (प्रथम पटक सूचना प्रकाशित मिति २०७६/०९/२४)
## पुनः सूचना प्रकाशित मितिः २०७६/१०/१६
## ठेक्का सूचना नं. BANKE/KOMUN/G/SQ-1/2076/077

यस कार्यालयको लागि आवश्यक औषधी शिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित ईजाजतपत्र प्राप्त ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिनभित्र कम्पनी/फर्म चालु आ.ब. २०७६/०७७ मा नविकरण भएको ईजाजत प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र औषधी आपूर्ति गर्ने ईजाजतपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखि रु.१० को टिकट निवेदनमा टाँस गरी कार्यालय समय भित्र छुट्टाछुट्टै निवेदनबाट रु.१,०००।- रकम तिरी दरभाउपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ।

२. दरभाउपत्रदाताले दरभाउपत्र खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र खरिद गर्नुपर्ने छ । खरिद भएको दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको १२ बजे भित्र दरभाउपत्र फाराममा सहीछाप गरी दरभाउपत्र दाताको नाम, ठेगाना, फोन तथा फ्याक्स नं. समेत खुलाई शिलबन्दी पत्र यस कार्यालयमा दर्ता गराउन सकिने छ ।

३. दर्ता भएका दरभाउपत्रहरु सोही दिनको १ बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधीहरु र यस कार्यालयका प्रतिनिधीहरुको रोहबरमा यस कार्यलयमा खोलिने छ । दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधीहरु उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु त्यसपछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरु हुनेछ ।

५. शिलबन्दी दरभाउपत्र साथ रु.७०,०००।- रकम बराबरको दरभाउपत्र जमानत कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बाँकेको कृषि विकास बैंक लिमिटेड, कोहलपुर स्थित खाता नं. ०७२०५०१०००२३५२१७ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको, प्रचलित कानूनले तोकेको अवधि भएको दरभाउपत्र जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।

६. दरभाउपत्र स्वीकृत भएपछि सूचना अनुसारको अंकको ५% ले हुने रकम बराबरको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा कार्यालयले तोकेको अवधि सम्मको बैंक कार्यसम्पादन जमानत पत्र पेश गर्नुपर्नेछ ।

७. औषधी खरिद गर्दा WHO GMP Certified Company बाट उत्पादित औषधीहरु मात्र खरिद गरिने छ। बोतलमा सप्लाई हुने औषधीहरु प्लास्टिक बोत्तलमा भएको हुनुपर्नेछ र बाँकी औषधीहरु स्ट्रिपमा हुनुपर्नेछ ।

८. शिलबन्दी दरभाउपत्र दर्ता गर्दा औषधिको शिलबन्दी नमुना अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
प्रदेश नं. ५
फोन नं. ०८१-५४०००९

प.सं. :- ०७६/०७७
च.नं. :-

९. प्रत्येक औषधीहरुको औषधि निर्यातकर्ताले औषधी व्यवस्था विभागबाट म्याद भएको छुट्टाछुट्टै Authorization प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।
१०. सारभुतरुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये आइटमवाइज सबै भन्दा घटी दर कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ ।
११. कार्यालयको आवश्यकता अनुसार दरभाउपत्रमा उल्लेखित औषधीको परिमाणमा थपघट गर्न सकिने छ।
१२. अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
१३. अन्य कुराहरु बुझ्नु परे फोन नं. ९८५८०२०५२२ मा सम्पर्क गर्न सकिने छ ।

तपशिलः

| सि.नं. | ठेक्का नं. | विवरण | लगत ईष्टिमेट भ्याट सहित | दरभाउपत्र दस्तुर | दरभाउपत्र जम्मा रकम | |
|---|---|---|---|---|---|---|
| १ | **BANKE/KOMUN/G/SQ-01/2076/077** | औषधि खरिद | २४,५२,४७०।१३ | १,०००।- | ७०,०००।- | |

वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत